# सुरक्षित आप्रवासन (सामी) परियोजना

## कार्य विवरण (Job Description)

पदः **रिटर्नी स्वयंम् सेवक (Returnee Volunteer)** (आंशिक)

कार्यक्षेत्र : ........................................., .................... जिल्ला

सुपरभाईजरः **परियोजना संयोजक**

### कार्य उद्देश्यः

रिटर्नी स्वयंम सेवक (Returnee Volunteer) ले सुरक्षित आप्रवासन सम्वन्धि समुदायमा सचेतना जागरण, सम्वन्धित कार्यक्षेत्रमा रहेका संभावित आप्रवासी कमादारहरुको पहिचान, वैदेशिक रोजगारका सवाल तथा मुद्दाहरुको पहिचान र त्यसमा सहयोगको लागि सुरक्षित आप्रवासी श्रोत केन्द्रमा सिफारिस गरी पठाउने कार्य प्रति जवाफदेही हुनेछ ।

### कार्य जिम्मेवारी

सुरक्षित आप्रवासन परियोजनाका सामाजिक परिचालक अधिकृतको प्रत्यक्ष सुपरभिजन तथा वित्तिय साक्षरता सहजकर्ता वा मनोसामाजिक परामर्शकर्तासंगको समन्वय सहकार्यमा निम्न बमोजिम निर्दिष्ट गरिएका कार्यहरु जिम्मेवारीपूर्ण भई पुरा गर्नु पर्नेछ ।

- आफ्नो कार्यक्षेत्र सम्वन्धित तोकिएको वडाहरुमा जानकारी मूलक सूचना, सामग्रीहरु वितरण गर्ने ।
- आवश्यकता अनुसार सम्वन्धित उपमहा .पा न.पा र गा.पाका अन्य वडाहरुमा जानकारीमूलक सूचना, सामग्रीहरु वितरण गर्ने ।
- वैदेशिक रोजगारसंग सम्वन्धित मुद्दाहरु (जस्तै, ठगी, मृत्यु, उद्धार, मनोसामाजिक समस्या भएका तथा जालसाँजी)को पहिचान र आवश्यक सहयोगका लागि आप्रवासी श्रोत केन्द्रमा सिफारिस गरी पठाउने ।
- आफ्नो कार्यक्षेत्र भित्र संभावित आप्रवासी कामदारहरुको पहिचान गरी सूचना केन्द्रमा परामर्श लिनका लागि सिफारिस गरी पठाउने ।
- सम्बन्धित वडाहरुको आप्रवासी कामदारहरुको तथ्याङ्क संकलन गर्ने ।
- सम्वन्धित वडाहरुमा कार्यरत विभिन्न संघ/संस्थाहरुका सामाजिक परिचालकहरुसंग समन्वय गरि आधारभूत सूचना प्रवाह गर्ने ।
- नगर/गाँउपालिका स्तरमा हुने क्रियाकलापमा सञ्चार तथा व्यवस्थापकिय सहयोग गर्ने ।
- नगर/गाँउपालिका स्तरमा आप्रवासी हक हित संरक्षण केन्द्रको गठन तथा क्रियाशीलताको लागि सहयोग गर्ने ।
- नगर/गाँउपालिका आप्रवासी श्रोत केन्द्रका सेवाग्राही अगन्तुकहरुको (Visitor) नियमित Follow up गर्ने ।
- संभावित आप्रवासी कामदारहरुलाई सुरक्षित तथा उपलब्धि मूलक बनाउन आप्रवासन सम्वन्धित चेतना जागरण गर्नुका साथै सीप तालिमको लागि सूचना केन्द्रमा सिफारिस गरी पठाउने ।

- नगर/गाँउपालिका  सञ्चालन हुने सुरक्षित आप्रवासन सम्बन्धि कर्यक्रममा आफनो अनुभवहरु आदान प्रदानगर्ने ।
- आफ्नो कार्यक्षेत्र भित्र घरदैलो कार्यक्रम तथा सवाल, मुद्दाहरुको अनुगमन तथा अनुशरण (Follow up) गर्ने ।
- आफूले सम्पादन गरेको कामको प्रतिवेदन तोकिएको ढाँचामा तोकिएको व्यक्ति तथा संस्थामा पठाउने ।
- सुपरभाईजरले खटाएको अन्य कार्यहरु गर्ने ।
- रिटर्नी स्वयंम सेवकले एक महिनामा जम्मा १५ दिन काम गर्नु पर्नेछ ।
- नेपाल सरकारसंग सम्वन्धित ऐन, नियम तथा कार्यविधिहरुको साथै आचार संहिता अनुसरण गर्ने ।

**आवश्यक योग्यता, कार्य अनुभव र क्षमता**

- कम्तिमा १० कक्षा उतिर्ण गरेको हुनुपर्ने ।
- न्यूनतम १ वर्ष वैदेशिक रोजगारमा संलग्न भएको अनुभव ।
- खाडि मुलुक र मलेशियामा वैदेशिक रोजगारमा काम गरेको अनुभव भएको हुनुपर्ने ।
- वैदेशिक रोजगार सम्वन्धि राम्रो व्यवहारिक ज्ञान भएको ।
- सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको अनुभव भएको ।
- वैदेशिक रोजगार सम्वन्धि परामर्श सेवाको बारेमा राम्रो बुझाई भएको ।
- आप्रवासी तथा उनीहरूको परिवारसंग काम गर्न इच्छुक , तथा समाजसेवामा रूचि भएको ।

**सहमति तथा स्वीकृति :**

..............................

रिटर्नी स्वयम् सेवक

हस्ताक्षर.....................................................  मितिः

नाम  :  ठेगानाः

...............................

नियुक्ति दिने अधिकारी

हस्ताक्षर...........................................  मितिः

नामः  ठेगाना